# कार्यकारी निर्देशक पदको पदपूर्तिको लागि

# दरखास्त आव्हान सम्बन्धी सूचना

प्रकाशन मितिः २०८१/०९/२३

बौद्धनाथ क्षेत्र विकास समितिको रिक्त कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता भएका उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र यस समितिको सचिवालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **उम्मेदवारको योग्यता तथा अनुभव**

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) तीस वर्ष पूरा भई पैसठ्ठी वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा न्यूनतम् तीन वर्ष कार्य गरेको,

(घ) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा नलिएको।

२. **पेश गर्नुपर्ने कागजातहरू**

(क) बौद्धनाथ क्षेत्र विकास समितिको कार्यकारी निर्देशक छनौट कार्यविधि, २०८१ को अनुसूची-१ बमोजिमको आवेदन फारामको ढाँचामा आवेदन,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति,

(ग) वैयक्तिक विवरण (C.V),

(घ) शैक्षिक योग्यता प्रमाणपत्रको छाँयाप्रति तथा विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्रको छाँयाप्रति,

(ङ) अनुभवको प्रमाणपत्र। अनुभवको विवरणमा काम गरेको संस्थाको नाम, काम गरेको समयावधि वर्ष, महिना, दिन समेत खुलाई पेश गर्नु पर्नेछ,

(च) कम्तिमा तीन हजार शब्दको व्यावसायिक कार्ययोजना (नेपाली भाषामा) छुट्टै सिलबन्दी गरी पेश गर्नुपर्ने,

(छ) बौद्धनाथ क्षेत्र विकास समितिको कार्यकारी निर्देशक छनौट कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिम अयोग्य नरहेको स्वःघोषणा,

(ज) पेश गरिने कागजातका छाँयाप्रतिहरू नोटरी पब्लिकबाट प्रमाणित गराई राख्नु पर्ने,

(झ) दरखास्त दस्तुर बापत समितिको नाममा रहेको एन.आइ.सी बैङ्क, बौद्ध शाखाको खाता नं ०१८४१५००२३७८६००२ मा जम्मा हुने गरी रु.१५००/-(अक्षरेपि एक हजार पाँच मात्र) बुझाएको सक्कल भौचर।

३. **प्रस्तुतिकरण तथा अन्तर्वार्ताः** दरखास्त स्वीकृत भई छनौट सूचीमा परेका उम्मेदवारले तोकिएको स्थान, मिति र समयमा प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि सहभागी हुनु पर्नेछ।

४. **पारिश्रमिक तथा सुविधाः** समितिको प्रचलित नियमानुसार।

५. यस सूचनाबमोजिम रीतपूर्वक प्राप्त हुन नआएका दरखास्तहरू छनौट समितिबाट अस्वीकृत हुनेछ।

६. थप जानकारीका लागि समितिको टेलिफोन नं. ०१-४५८९२५७ मा सम्पर्क गर्न सकिनेछ।

छनौट समिति

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

<u>आवेदन फारामको ढाँचा</u>

श्री .........................,
छनौट समिति,
बौद्ध, काठमाडौं।

| क. वैयक्तिक विवरण |
|---|

**१.उम्मेदवारको नामः**

**२. जन्म मितिः वर्ष महिना गते**

| | वर्ष | महिना | गते |
|---|---|---|---|
| **वि.स.** | | | |
| **ई.स.** | | | |

**३. स्थायी ठेगाना :**

| | |
|---|---|
| **जिल्ला/प्रदेश** | **न.पा./ गा.पा.**<br>**वडा नं.** |
| **टेलिफोन नं.**<br>**मोवाईल नं.** | **ईमेल ठेगानाः-** |

**४. अस्थायी ठेगाना :**

| | |
|---|---|
| **जिल्ला/प्रदेश** | **न.पा./ गा.पा.**<br>**वडा नं.** |
| **टेलिफोन नं.**<br>**मोवाईल नं.** | **ईमेल ठेगानाः** |

**५. नेपाली नागरिकताको प्रमाणपत्र सम्बन्धी विवरण :**

| | |
|---|---|
| **नागरिकता नं.-** | **जारी जिल्ला र मितिः-** |

**६. पति/पत्निको नामः**

**७. बाबु/आमाको नामः**

**८. बाजेको नामः**

**९. स्थायी लेखा नम्बर**

**१०. धर्म**

| ख. शैक्षिक योग्यताको विवरण |
|---|

| क्र.स. | उपाधि | विश्वविद्यालय | श्रेणी वा जि.पि.ए. | उतिर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| ख. अनुभवको विवरण |
|---|

| क्र.स. | काम गरेको निकाय | पद | कार्य अवधि | | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. संलग्न कागजातहरू

१.

२.

**माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।**

| **दायाँ** | **वायाँ** |
|---|---|
| | |

**दस्तखतः**

**मितिः**

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

# स्व-घोषणा

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ को दफा ४ तथा सोको कार्यविधिको प्रकरण ४(२) बमोजिम यो स्व-घोषणा गरेको छु।

(क) मेरो समितिसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ छैन,

(ख) मेरो नाममा कुनै पनि व्यक्तिगत बेरुजु बाँकी छैन तथा मैले नेपाल सरकारलाई तिर्नुपर्ने कर चुक्ता गरेको छु,

(ग) मैले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कसूरदार ठहर भएको वा कुनै पनि सजाय पाएको छैन,

(घ) मैले कुनैपनि दामासाहिमा परेको, किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको छैन,

(ङ) म प्रचलित कानूनबमोजिम कालोसूचीमा परेको छैन वा परेको भएपनि त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको अवस्था छैन,

(च) मैले कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको छैन,

(छ) म नेपालको प्रचलित कानूनद्वारा अयोग्य छैन।

माथि उल्लिखित विषयहरूको सन्दर्भमा म ........................................ वतन/ठेगाना ............................................ यो स्व-घोषणा गर्दछु कि माथि लेखिएका विषयहरु ठीक साँचो हुन्। गलत ठहरिए कानुनबमोजिम सहुँला बुझाउँला भनी सहीछाप गरिदिएँ।

| दायाँ | बायाँ |
|---|---|
| | |